*Reg. No. 681* *SWC Aff. No. 15556*

दलित अधिकार, भूमि अधिकार र मानव अधिकारका लागि :

राष्ट्रिय दलित नेटवर्क नेपाल

Rastriya Dalit Network (RDN) Nepal

केन्द्रीय कार्यालय, कैलाली, सम्पर्क कार्यालय, अनामनगर काठमाण्डौं

# प्रेस विज्ञप्ति

नेपालमा दास प्रथाको रुपमा विद्यमान रहेको एक मात्र हरवाचरवा प्रथाको आज मिति २०७९ श्रावण २ गतेका दिन एक भव्य समारोहका बीच सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाज्यूले मुक्तिको घोषणा गर्नुभएको छ । कमैया मुक्तिको २२औं मुक्ति दिवसको सन्दर्भमा आयोजित कार्यक्रममा विशेष सन्देश मार्फत हरवाचरवा मुक्तिको घोषणा गरेर समुद्घाटन गरिएको थियो । '**मुक्त कमैया कम्लहरी मुक्त हलिया, हरवाचरवा सम्वन्धी वस्तुस्थिति अध्ययन समिति**' ले गतः बैशाख ९ गते आफ्नो अध्ययन प्रतिवेदनको सिफारीशलाई समुचित ठहऱ्याउँदै भूमि व्यवस्था, सहकारी तथा गरिबी निबारण मन्त्रीज्यूको सक्रिय पहलमा विद्यमान कमैया श्रम निषेध ऐन २०५८ अनुसार हिजो श्रावण २ गते हरवाचरवाको मुक्ति र ऋण र कागजात खारेजी सम्वन्धमा ऐतिहासिक घोषणा सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाबाट भएको छ । यो एउटा ऐतिहासिक महत्वको घोषणा हो । पुनर्स्थापनाको एकीकृत प्याकेजसहित हरवाचरवाको मुक्ति र पुनर्स्थापनाको कार्यलाई प्रभावकारी ढंगले अघि बढाउन सकिएमा यो एउटा त्यस्तो ऐतिहासिक पाइला हुनेछ जसले नेपालमा सम्पूर्ण रुपमा सामन्ती भूदास प्रथा वा बँधुवा श्रमको पुरापुर उन्मुलन सम्भव बनाउने छ । सर्वप्रथम नेपाल सरकारको यस ऐतिहासिक घोषणाको हाम्रो संगठन राष्ट्रिय हरवाचरवा अधिकार मंच केन्द्रीय समितिका तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छौं । यस ऐतिहासिक घोषणाका लागि सम्माननीय प्रधानमन्त्रीज्यू तथा नेपाल सरकारका भूमिव्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रीज्यूलगायतलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । साथै, यस घोषणा गराउन आफ्नो आफ्नो क्षेत्रबाट योगदान गर्नु हुने संचारकर्मी मित्रहरु, विभिन्न सहयोगी संघ/संगठनहरु तथा नागरिक अगुवाहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

**उक्त घोषणाप्रति हाम्रो संगठनका तर्फबाट हामी निम्नानुसार दृष्टिकोण अघि सार्न चाहन्छौं :**

नेपाल सरकारका तर्फबाट हरवाचरवा मुक्तिको घोषणा गर्दा २० वर्ष पुरानो कमैया निषेध गर्न बनेको ऐन २०५८ अनुसार गरिएको छ । सो ऐन अनुसार मुक्त कमैयाको पुनःस्थापना गरिएको थियो । तर सो ऐन अनुसार हरवाचरवाको पुनःस्थापनाको लागि सो ऐन कार्यान्वयन भएको थिएन । सो ऐन जारी भएपछि पनि २०६५ मा हलिया मुक्तिको घोषणा भएको थियो भने २०७० मा कमलरीको मुक्तिको घोषणा गरिएको थियो । कमैया, कमलरी तथा हलियाको मुक्ति भएको तर हरवाचरवाको मुक्तिको घोषणा नभएको भन्दै हरवाचरवा अधिकार मन्चको नेतृत्वमा विगत एक दशकदेखि ५ बुंदे सम्झौताहिन मागहरुसहित आन्दोलनमा निरन्तर संघर्षमा थियौं । हाम्रा मागहरु सहित नेपाल सरकार समक्ष पटक पटक ज्ञापन पत्र पेश गरेका थियौं । जसमा पहिलो, हरवाचरवाका नाममा रहेको अनुचित ऋण खारेजीसहित मुक्तिको घोषणा गरियोस । दोस्रो, हरवाचरवाको स्पष्ट तथ्याँक संकलन, प्रमाणीकरण र परिचय पत्र वितरण गरियोस ।, तेस्रो, हरवाचरवाको पुनःस्थापना गर्दा कम्तिमा ५ कठ्ठा जमिन प्रदान गरियोस ।, चौथो, काम, ज्याला, समानता, स्वतन्त्रतासहित शिक्षा, स्वास्थ्य र रोजगारीमा प्राथमिकता दिइयोस । र पाँचौं, हरवाचरवाको हरेक तहमा अर्थपूर्ण सहभागिता र समावेशीकरण गरियोस् ।

कमैया निषेध गर्न बनेको ऐन २०५८ लागू भएपछि जारी भएको नेपालको संविधानको धारा २९ शोषणविरुद्धको हक अन्तरगत उपधारा (३) मा कसैलाई पनि बेचविखन गर्न, दास वा बाँधा बनाउन पाईने छैन । र उपधारा (४) मा कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाईने छैन । भने धारा ४० को उपधारा (५) र (६) मा दलितहरुलाई एक पटक जमिन र आवास उपलब्ध गराउने मौलिक हकको व्यवस्था गरेको छ । यसकासाथै सबैका लागि प्रयाप्त आवासको अधिकार नेपालको संविधानले सुनिश्चित गरेको मौलिक अधिकार हो । यसकासाथै मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ ले आवासको अधिकारलाई प्रयाप्त जीवनस्तरको अधिकारको मान्यता दिएको छ । राज्यले सामाजिक न्याय तथा समावेशीकरण सम्बन्धी नीतिमा मुक्त कमैया, हलिया, कमलहरी तथा हरवाचरवा, भूमिहिन र सुकुम्वासीलगायतको पहिचान गरी बसोवासका लागि घरघडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन र रोजगारीका लागि स्पष्ट मार्गनिर्देशन गरेको छ । यही व्यवस्थाका आधारमा गत २०७८ मंसिर १७ गते संविधानसभाका सदस्य तथा नागरिक आन्दोलनका अगुवा श्याम श्रेष्ठ संयोजक र हरि श्रीपाइली, गणेश विश्वकर्मा, चन्द्रबहादुर सिवाकोटी र रेमानसिंह राना सदस्य रहेको ५ सदस्यीय मुक्त कमैया कम्लहरी मुक्त हलिया, हरवाचरवा सम्वन्धी वस्तुस्थिति अध्ययन समिति गठन गरिएको थियो । राट्रिय हरवाचरवा अधिकार मंचका अगुवाहरुसंगको समन्वयमा हरवाचरवा बाहुल्यता भएका ८वटै जिल्लामा गई विस्तृत प्रतिवेदन नेपाल सरकार समक्ष पेश गरिएपछि यो घोषणा गरेको हो भन्ने अर्थमा हामीले लिएका छौं ।

**नेपाल सरकारको घोषणा कार्यानवयनका लागि हाम्रा निम्न मागहरु रहेका छन :**

१. सर्वप्रथम हरवाचरवा मुक्तिको घोषणालाई कार्यान्वयन गर्न नेपाल सरकार भूमिब्यवस्था, सहकारी तथा गरिबी निबारण मन्त्रालयको अगुवाईमा विस्तारित कार्ययोजना निर्माण गरी मन्त्रीपरिषदबाट पारित गरेर पुनःस्थापनाको बजेटसहितको कार्ययोजना निर्माण गरियोस् ।
२. हरवाचरवा मुक्तिको घोषणालाई व्यवहारमा लागू गर्न हरवाचरवा प्रतिनीधि रहेको तत्काल अधिकार सम्पन्न केन्द्रीय तथा प्रदेश स्तरमा संरचना निर्माण गरियोस ।
३. सम्माननीय प्रधानमन्त्रीज्युबाट गरिएको ४ बुंदे घोषणालाई संकल्प प्रस्तावका रुपमा सार्वभौम व्यवस्थापिका संसदबाट पारित गरियोस ।
४. संघ, प्रदेश सरकार तथा स्थानीय तहसंगको सहयोग, सहकार्य तथा समन्वयमा मुक्त हरवाचरवाको वास्तविक तथ्याँक संकलन गरी उनीहरूलाई परिचय पत्र प्रदान गरियोस ।
५. अध्ययन प्रतिवेदनमा उल्लेख भएबमोजिम मुक्त कमैया, कम्लहरी, हलिया र हरवाचरवा सम्वन्धमा विस्तृत कार्ययोजना र नीति बनाएर, साथसाथै, यी सबैलाई मन्त्रीपरिषदले पीरित गरेर, त्यसलाई लागू गर्ने कानुन अनुसारका प्रभावकारी संरचना समेत बनाइयोस ।
६. मुक्त घाषित मुक्त हरवाचरवाको सम्पूर्ण शान्ति सुरक्षाको व्यवस्था गरियोस ।

**मिति २०७९ श्रावण २ गतेको ऐतिहासिक घोषणाको कार्यान्वयनका लागि मुक्त कमैया, कमलरी तथा हलियाको पुनःस्थापनाबाट शिक्षा लिदै द्रूत गतिका साथ पुनःस्थापनाका सम्पूर्ण कामहरु पूरा गर्न नेपाल सरकार, सम्बन्धित निकाय तथा सम्पूर्ण सरोकारवालाहरुमा सहयोगको लागि आवहान गर्दछौं ।**

**गणेश वि.के.** — **मिति : २०७९ श्रावण ३ गते**

**केन्द्रीय अध्यक्ष**